मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ९ गते शनिबार ❑ 21 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन प्रधानमन्त्री कार्कीको आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले लोकतन्त्र सुदृढीकरण तथा सुशासनको लागि यही फागुन २१ हुने निर्वाचनमा सबै जना सक्रिय रुपमा सहभागि हुन आव्हान गर्नु भयो ।

पोखरा विश्वविद्यालय को २१ औँ दीक्षान्त समारोहलाई शुक्रबार पोखरामा सम्बोधन गर्दै विश्वविद्यालयकी कुलपति समेत रहनु भएको प्रधानमन्त्री कार्कीले लोकतन्त्र सुदृढीकरण, सुशासन प्रवर्धन तथा भ्रष्टाचारमुक्त राष्ट्र निर्माणका लागि निर्वाचन अत्यन्त महत्त्वपूर्ण अवसर भएको उल्लेख गर्दै निर्वाचनमा सबै सक्रिय रुपमा सहभागि हुन आह्वान गर्नु भएको हो । प्रधानमन्त्री कार्कीले युवा पुस्तालाई भविष्यका राजनेता, नीति-निर्माता र समाज रूपान्तरणका संवाहकका रूपमा चित्रित गर्दै जिम्मेवारीबोध, इमान्दारी र सकारात्मक सोचका साथ अघि बढ्न आग्रह गर्नुभयो । गत भदौ २३ र २४ गते जेन-जी युवाले उठाएका सवालहरू गम्भीर र आधारभूत प्रकृतिका रहेको उल्लेख गर्दै उहाँले आत्ममूल्यांकनको आवश्यकता औँल्याउनुभयो । लोकतान्त्रिक प्रक्रियामा सक्रिय र जिम्मेवार सहभागिताका लागि सबै नागरिकलाई शिक्षा केवल औपचारिक प्रमाणपत्रमा सीमित नभई समाज र राष्ट्र रूपान्तरणको



आधार बन्नुपर्ने उहाँको भनाई थियो । प्रधानमन्त्री कार्कीले समकालीन आवश्यकताअनुसार सीप, रोजगारी, उद्यमशीलता र नवप्रवर्तनमुखी शिक्षा प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले ज्ञानलाई अर्थतन्त्र सुदृढीकरण र मानव कल्याणसँग प्रत्यक्ष जोड्न नसके पाठ्यक्रम सान्दर्भिक नहुने स्पष्ट पार्नुभयो। दीक्षार्थीलाई सम्बोधन गर्दै उहाँले प्राप्त प्रमाणपत्र केवल रोजगारीको आधार नभई समाजका जटिल समस्या समाधान गर्ने क्षमताको प्रतीक भएको उल्लेख गर्नुभयो । प्रधानमन्त्री कार्कीले अध्ययन पूरा गर्नासाथ ठूलो संख्यामा युवा विदेशिनु चिन्ताको विषय भएको उल्लेख गर्दै बदलिँदो विश्व परिवेशमा प्रतिस्पर्धी र सक्षम बन्न विश्वविद्यालय र विद्यार्थी दुवै सचेत हुनुपर्ने धारणा राख्नुभयो।

"परिवर्तनलाई अवसरका रूपमा उपयोग गर्दै नवप्रवर्तन र उद्यमशीलताको बाटो समात्नु आजको आवश्यकता हो," उहाँले भन्नुभयो । स्थापनाकालदेखि व्यवस्थापन र विज्ञान लगायतका क्षेत्रमा उच्च शिक्षाको पहुँच विस्तारमा विश्वविद्यालयले खेलेको भूमिकाको प्रशंसा गर्दै उहाँले अब गुणस्तर अभिवृद्धि र विश्व बजारको मागअनुसार जनशक्ति उत्पादनमा विशेष ध्यान दिनुपर्नेमा जोडदिनुभयो ।

यसै गरी २१औँ दीक्षान्त समारोहमा छ हजार ६२२ विद्यार्थी दीक्षित भएका छन् । विश्वविद्यालयको केन्द्रीय कार्यालय पोखरा-३० खुदी ढुङ्गेपाटनमा सम्पन्न समारोहमा विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री सुशीला कार्कीले विद्यार्थीहरूलाई दीक्षित गराउनुभयो ।

दीक्षान्त समारोहमा छ दशक लामो राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभव सँगाल्नुभएकी चाँदनी जोशी प्रमुख अतिथिका रूपमा रहनुभएको थियो । दीक्षान्त समारोहमा व्यवस्थापन सङ्कायबाट तीन हजार ६२५, विज्ञान तथा प्रविधिबाट दुई हजार ५०६, स्वास्थ्य विज्ञानबाट ३६५ र मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट १२६ विद्यार्थी दीक्षित भएको विश्वविद्यालयले जनाएको छ । दीक्षान्त समारोहअघि प्रधानमन्त्री एवं कुलपति कार्कीको अध्यक्षतामा बसेको २१औँ विश्वविद्यालय सभाको विशेष बैठकले उपाधिका लागि योग्य विद्यार्थीहरूको ग्रेस लिष्ट पारित गरेको थियो ।

उक्त अवसरमा प्रधानमन्त्री कार्कीले विभिन्न विषयमा उत्कृष्ट विद्यार्थीलाई विभिन्न पदकबाट सम्मानित गर्नुभएको थियो । उक्त अवसरमा शैक्षिक उत्कृष्टता प्रदर्शन गर्ने ६६४ जना विद्यार्थी 'डीन लिस्ट' उपाधिबाट सम्मानित भएका थिए ।

विसं २०५४ मा स्थापित विश्वविद्यालयमा हाल ३७ हजार ५९३ जना विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयले देशभरका ६६ वटा महाविद्यालय (पाँच आङ्गिक, तीन संयुक्त आङ्गिक र ५८ सम्बन्धन प्राप्त) मार्फत ७४ वटा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ ।

## फेवाताल किनारामा ६५ मिटर भित्र भौतिक संरचना नबनाउन महानगरको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरा महानगरपालिकाले फेवाताल किनार क्षेत्रमा सर्वोच्च अदालतले तोकेको ६५ मिटर क्षेत्रभित्र कुनै पनि भौतिक संरचना नबनाउन चेतावनी दिएको छ ।

महानगरले एक सूचना जारी गर्दै फेवातालको किनार क्षेत्रमा अवैध संरचना हटाउन सार्वजनिक सूचना जारी गर्दै तोकिएको मापदण्ड उल्लंघन गर्ने जो-कोहीलाई कानुनअनुसार कारबाही गरिने स्पष्ट पारेको छ ।

फेवातालको मापदण्डसम्बन्धी सर्वोच्च अदालत को फैसला कार्यान्वयन गर्ने क्रममा महानगरले फेवातालको जल सतहको उच्चतम बिन्दु (तालघर) पहिचान गरी तालको सिमाङ्कन कार्य सम्पन्न गरिसकेको जनाएको छ । उक्त सिमाङ्कन कार्य महानगर, गण्डकी प्रदेश सरकार र नेपाल सरकारको संयुक्त पहलमा सम्पन्न भएको छ । महानगरका अनुसार सिमाङ्कन सम्पन्न भइसकेपछि पनि उच्चतम जल सतह बिन्दुबाट ६५ मिटरभित्र रातारात घर, टहरा तथा क्याफे सञ्चालनको तयारी सहितका संरचना निर्माण भएको पाइएकाले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । सिमाङ्कन पश्चात् ६५ मिटर क्षेत्रभित्र नयाँ संरचना निर्माण नगर्न पटक-पटक आग्रह गरिए पनि अटेर गरी निर्माण कार्य भइरहेकोले सूचनामा प्रकाशन मितिले १५ (पन्ध्र) दिनभित्र त्यस्ता अनधिकृत संरचना स्वयं हटाउन सम्बन्धित निर्माणकर्तालाई निर्देशन दिइएको छ । शुक्रबार जारी गरिएको सूचनाको आधारमा तोकिएको अवधिभित्र संरचना नहटाएमा महानगरपालिकाले कानुनबमोजिम हटाउने, हटाउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुलउपर गर्ने तथा सरकारी बाँकी सरह कारबाही प्रक्रिया अघि बढाइने महानगरले चेतावनी दिइएको छ । साथै ६५ मिटर क्षेत्रभित्र पर्ने जग्गाको वर्गीकरण (मुआब्जा पाउने वा दूषित बदर हुने कित्ता) सम्बन्धी कार्य अन्तिम चरणमा रहेको जानकारी समेत गराएको छ । यस विषयमा पोखराका मेयर धनराज आचार्य ले अदालतको फैसला कार्यान्वयनमा महानगर प्रतिबद्ध रहेको बताउँदै फेवाताल संरक्षणमा कुनै सम्झौता नहुने स्पष्ट पार्दै आउनु भएको छ । उता पोखरा नागरिक समाजका अगुवा रामबहादुर पौडेलले संरचना बनेका स्थानमा सम्बन्धित क्षेत्रका जनप्रतिनिधिलाई साक्षी राखेर सूचना थम्याउने वा लिन नमानेको खण्डमा सूचना टाँस गर्ने व्यवस्था प्रभावकारी हुने सुझाव दिनुभयो। उहाँले पोखरा-१८ सेदीदेखि खपौंदीसम्मको क्षेत्र हेर्ने वडा सदस्य रमेश थापालाई साक्षी राखेर प्रक्रिया अघि बढाउन सकिने धारणा व्यक्त गर्नुभयो।

यसैबीच पोखरा महानगरपालिका वडा नं. १८ अन्तर्गत रातोमाटे डाँडा र सेदी क्षेत्रमा अनधिकृत रूपमा निर्माण गरिएका संरचना केही दिन अघि हटाइएको थियो । फेवातालको मापदण्डभित्र क्याफे सञ्चालनको तयारी भइरहेको रातोमाटे डाँडास्थित सुनिल गुरुङ र सेदीस्थित किशोर दाहालको अस्थायी संरचना हटाइएको महानगरले जनाएको छ । गुरुङले सर्वोच्च अदालतको आदेश अनुसार तोकिएको ६५ मिटरभित्र र दाहालले तालघर क्षेत्रमै संरचना निर्माण गरेको पाइएपछि ती संरचना हटाइएको महानगरले जनाएको छ । महानगरले पुनः सबै सरोकारवालालाई फेवातालको उच्चतम जल सतह बिन्दुबाट ६५ मिटरभित्र कुनै पनि भौतिक संरचना निर्माण नगर्न आग्रह गर्दै अटेर गरे कडा कानुनी कारबाही हुने चेतावनी दिएको छ ।

## प्रधानमन्त्रीद्वारा प्रदेशको निर्वाचन सुरक्षा व्यवस्था सम्बन्धमा जानकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले यही फागुन २१ हुने निर्वाचनका सम्बन्धमा गण्डकी प्रदेशकोसुरक्षाव्यवस्थालगायतका विषयमा जानकारी लिनुभएको छ ।

प्रधानमन्त्री कार्कीलाई प्रदेश प्रमुख सचिव डण्डुराज घिमिरे, प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरू, कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासे, प्रदेश निर्वाचन अधिकारी नारायण ढकालगायतले सुरक्षा व्यवस्थालगायत विषयमा जानकारी गराउनुभएको थियो ।

आसन्न प्रतिनिधिसभा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मुस्ताङमा सात महिनामा तीन लाख २५ हजार बढी पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ फागुन

चालु आर्थिक वर्षको सात महिनामा तीन लाख २५ हजार ५५८ जना पर्यटक मुस्ताङ भित्रिएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार चालु आवको साउनदेखि माघसम्म विदेशी ६९ हजार ८१४ र स्वदेशी दुई लाख ५२ हजार ६६४ पर्यटक मुस्ताङ भित्रिएका हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै चालु वर्षको साउनमा १९ हजार ७८१, भदौमा २३ हजार २०५, असोजमा ७५ हजार ५९९, कात्तिकमा ८३ हजार ७६६, मङ्सिरमा ४९ हजार ५०, पुसमा ३९ हजार १५३ र माघमा ३२ हजार चार जना विदेशी तथा स्वदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् । गत वर्षको साउनदेखि माघसम्म तीन लाख ४० हजार ७२९ विदेशी तथा स्वदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । प्रहरीको तथ्याङ्कअनुसार गत वर्षको आठ महिनाको तुलनामा चालु आवको सोही अवधिमा १८ हजार १७१ जना (५.३३ प्रतिशत) पर्यटक कम भित्रिएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नवराज न्यौपानेका अनुसार म्याग्दी र मुस्ताङको सिमाना घाँसामा सडकमार्ग हुँदै मुस्ताङ भित्रिने विदेशी तथा स्वदेशी पर्यटकको अभिलेख सङ्कलन गर्ने गरेको छ ।

पोखरा-जोमसोम हवाई सेवामार्फत मुस्ताङ भित्रिएका र मनाङ हुँदै थोरङलापास गरी मुस्ताङ भित्रिएका पर्यटकको मातहतका प्रहरी एकाइहरूले अभिलेख सङ्कलन गर्ने गरेका छन् । मुस्ताङमा आव २०८०/८१ मा चार लाख ५४ हजार ३२६ जना र आव २०८१/८२ मा सात लाख पाँच हजार ७७९ जना स्वदेशी तथा विदेशी पर्यटक भित्रिएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

पछिल्लो समय राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक बर्सेनि सहज हुँदै जान थालेपछि मुस्ताङमा पर्यटकको आगमनदर वृद्धि हुँदै गएको हो । मुस्ताङमा भित्रिएका सार्क राष्ट्रका पर्यटकमध्ये अधिकांश भारतीय पर्यटकले मुक्तिनाथको दर्शन गरी फर्किने गरेका छन् । अन्य राष्ट्रका विदेशी पर्यटक भने बेनी-जोमसोम सडकमार्ग र मनाङ हुँदै थोरङ्लपास क्रस गरी मुस्ताङ भित्रिने गर्छन् ।

मुस्ताङको कागबेनीधाममा पितृ उद्धारका लागि श्राद्ध गर्न तथा मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने स्वदेशी पर्यटकको सङ्ख्या पनि बढ्दो छ । मुस्ताङ भित्रिएका पर्यटकमध्ये तीन प्रतिशत विदेशीले माथिल्लो मुस्ताङको भ्रमण गर्ने गरेका छन् । पछिल्लो समय जोमसोम-कोरला सडक सहज भएपछि उल्लेख्य सङ्ख्यमा स्वदेशी पर्यटक कोरलानाकासम्म पुग्ने गरेका पाइएको छ ।


**निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।**

- सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा ऱ्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

हरित निर्वाचन अभियानलाई सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रधानमन्त्री कार्कीद्वारा मुक्तिनाथको दर्शन, निर्वाचन सफल पार्न निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले यहाँको वारागुङ मुक्तिक्षेत्र-१ स्थित पवित्र मुक्तिनाथ मन्दिरको दर्शन गर्नुभएको छ।

नेपाली सेनाको हेलिकोप्टरबाट यहाँ आउनुभएका प्रधानमन्त्री कार्कीले मुक्तिनाथस्थित १०८ धाराको जलसेचन गरी मुक्तिनाथ मन्दिरमा दर्शन गर्नुभएको हो।

मन्दिर दर्शनका लागि जाने क्रममा उहाँलाई वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामगेल गुरुङ, सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारी, मुक्तिनाथ विकास समितिका उपाध्यक्ष रिनजिन नाम्गेल गुरुङ, व्यवस्थापक दिनेश भुसाल र मुक्तिनाथ रानीपौवाका गाउँमुखीलगायतले स्वागत गर्नुभएको थियो।

प्रधानमन्त्री कार्कीले सुरक्षाकर्मी र सहयोगीहरूसँगै करिब २०० मिटरमाथि मन्दिर जाने क्रममा स्वदेशी तथा विदेशी दर्शनार्थी एवं पर्यटकसँग भलाकुसार सिमेत गर्नुभएको सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले बताउनुभयो। त्यस क्रममा वारागुङ



मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष गुरुङ र मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले प्रधानमन्त्री कार्कीसमक्ष मुक्तिनाथ मन्दिरमा भक्तजनले भोग्नुपरेका समस्याबारे जानकारी गराउनुभएको थियो। विकास समितिका उपाध्यक्ष गुरुङले मन्दिर क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण योजनाबारे पुरातत्व विभागमा फाइल पेस भए पनि स्वीकृतिका लागि विलम्ब भइरहेकाले काम गर्न नसकिएको गुनासो गरिएको जानकारी दिनुभयो। "मुक्तिनाथ मन्दिरमा दर्शनार्थीमैत्री पूर्वाधारका लागि चेन्जिङ रुम, १०८ धारा पुनर्निर्माण, एनएक्स भवन, आनी आवासलगायत आठवटा योजना पुरातत्वमा फाइल पेस गरेका छौं।

स्वीकृत हुन ढिलाइ भएकाले काम अगाडि बढेको छैन, यस विषयमा प्रधानमन्त्रीको मौखिक ध्यानाकर्षण गराइएको छ", उहाँले भन्नुभयो। जवाफमा प्रधानमन्त्री कार्कीले यस विषयमा पुरातत्व विभागका महानिर्देशकसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाउने जानकारी प्राप्त भएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले बताउनुभयो। प्रधानमन्त्री कार्कीले मुक्तिनाथमा करिब एक घण्टा बिताएपछि नेपाल सेनाको हेलिकोप्टरमार्फत जोमसोमस्थित नेपाल सेनाको इन्द्रबक्स गण जानुभएको थियो। यसै गरी प्रधानमन्त्री कार्कीले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न निर्देशन दिनुभएको छ।

जोमसोमस्थित इन्द्र बक्स गणमा आयोजित निर्वाचनलक्षित छलफल तथा अन्तरक्रियामा उहाँले निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्देशन दिनुभएको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो। प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "निर्वाचनलाई सफल बनाउन दत्तचित्त भएर काम गर्नुहोस्, यहाँहरूले राम्रो काम गर्नुभएको छ, कुनै समस्या नआउने गरी तयारी गर्नुहोला।"

प्रधानमन्त्री कार्कीलाई प्रमुख जिल्ला अधिकारी शर्माले जिल्लाको समग्र सुरक्षा अवस्था र निर्वाचनलक्षित सुरक्षा योजनाबारे जानकारी गराउनुभएको थियो। यसैगरी जिल्ला मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेलले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हालसम्म भएका कार्यप्रगतिलगायत विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराउनुभयो।




गुप्तेश्वर गुफामा पर्यटक : कास्कीको पोखरा महानगरपालिका वडा नं १७ छोरेपाटनस्थित गुप्तेश्वर महादेव गुफामा देखिएका पर्यटक। गुफाभित्र महादेवको दर्शनसँगै पातले छाँगो मनोरम दृश्यावलोकन गर्न पर्यटकको आकर्षण बढ्दो छ। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# कसले चुम्ला आहा रारा पोखरा गोल्डकपको उपाधि ?

कृष्ण दवाडी
पोखरा, ८ फागुन/रासस

आहा रारा पोखरा गोल्डकप मोफसलकै पुरानो फुटबल प्रतियोगिता हो। माओवादी जनयुद्ध, भूकम्प र नाकाबन्दीलगायत प्रतिकूल अवस्थामा पनि यो प्रतियोगिता कुनै वर्ष पनि रोकिएन। हाल २५औं संस्करणसम्म आइपुगेको प्रतियोगिताको उपाधि भिडन्त शनिबार पोखरा रङ्गशालामा हुँदैछ।

उपाधिका लागि जावलाखेल युथ क्लब र आयोजक सहारा क्लब पोखरा मैदानमा उत्रिदैछन्। विगतमा जस्तो यसपटकको फाइनलमा चिरपरिचित मनाङ मर्स्याङ्दी, पुलिस क्लबजस्ता धेरैपटक उपाधि जितेका टोली छैनन्। जावलाखेल आहा राराको पहिलो उपाधि खोजीमा रहँदा घरेलु टोली सहारालाई १२ वर्षपछि उपाधि घरमै राख्ने मौका जुरेको छ। नेपाली उखान नै छ '१२ वर्षमा खोलो फर्किन्छ'। सहारा भोलि त्यही उपाधि जितेको खोलो फर्काउने लक्ष्यमा हुनेछ। सहाराले योसँगै चारपटक फाइनल खेल्दा २०७० सालमा मात्र उपाधि जितेको हो। विसं २०६९ मा थ्रीस्टार र विसं २०७२ मा मनाङसँग फाइनलमा सहारा पराजित भएको थियो।



जावलाखेल भने आहा रारामा दोस्रोपटक फाइनलमा पुगेको टोली हो। विसं २०६८ मा फाइनल पुगेको यो टोली उपाधि भिडन्तमा मनाङसँग पराजित भएको थियो। त्यसता अधिकांश संस्करणमा सहभागी हुँदै आएको जावलाखेलले फाइनल खेल्न पाएको छैन। उपाधि जितेर पोखरामा नयाँ इतिहास कायम गर्ने लक्ष्यमा जावलाखेल छ।

जावलाखेलप्रि-क्वाटरफाइनलमा मच्छिन्द्र क्लबलाई २-०, क्वाटरफाइनलमा अपी चर्च ब्वाइज युनाइटेडलाई ३-० र सेमिफाइनलमा विदेशी टोली उज्बेकिस्तानको आभा एफसीलाई १-० ले हराउँदै फाइनल पुगेको हो। सहाराले भने प्रिक्वाटरफाइनलमा गोरखा इन्टरनेसनल फुटबल क्लब हङकङलाई १-०, क्वाटरफाइनलमा नेपाल पुलिस क्लबलाई सडन डेथमा ६-५ र सेमिफाइनलमा मनाङमर्स्याङ्दी क्लबलाई सडन डेथमै ७-६ गोलअन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो।

जावलाखेलमा प्रशिक्षक सुनिलकुमार श्रेष्ठले पोखराको मैदानमा उपाधि जितेर इतिहास बनाउने योजना सुनाउनुभयो। "हामीले पोखरामा उपाधि जित्न सकेका छैनौं, राम्रो फुटबल खेलेर भोलि त्यो उपाधि सपना साकार पार्नेछौं", श्रेष्ठले भन्नुभयो। आक्रामक फुटबल खेल्नेर सुरुआतमा गोल गर्ने जावलाखेलको रणनीति हुनेछ। सेमिफाइनलमा उज्वेकिस्तानको आभा एएफसीलाई पराजित गरेकाले जावलोलका खेलाडी उच्च मनोबलसहित फाइनल खेलमा मैदान उत्रिने कप्तान युनेश चौधरीले भन्नुभयो।

सहाराका प्रशिक्षक सुनिल रानाले घरेलु मैदान र दर्शकको साथ रहने भएकाले उपाधि उचालेर इतिहास दोहोर्‍याउने लक्ष्य सुनाउनुभयो। उहाँले भन्नुभयो, "घरेलु समर्थकलाई खुसी दिनेछौं। बाह्र वर्षपछि उपाधि घरमै राख्ने योजना छ, राम्रो फुटबल खेल्नेछौं", रानाले भन्नुभयो। सहाराका कप्तान सुशील लामाले टोली उच्च मनोबल र फर्ममा रहेकाले उपाधि जित्ने दाबी गर्नभयो। "टिम उच्च मनोबल र लयमा छ। हामी फाइनल जित्नेछौं", लामाले भन्नुभयो। सहारा एकेडेमीका उत्पादनसमेत रहनुभएका लामालाई यसपटक कप्तानका रूपमा उपाधि चुम्नेमा आशावादी हुनुहुन्छ।

गत माघ २७ गतेदेखि सुरु भएको २५औं संस्करणको प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेता टोलीले रु सात लाख एक हजारसहित ट्रफी र मेडल पुरस्कार पाउने आयोजक सहारा क्लब जनाएको छ। त्यसैगरी, सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार पाउँदा अन्य पाँच विधामा उत्कृष्ट हुनेले जनही रु २५ हजार र ट्रफी पुरस्कार पाउनेछन्।

# सामुदायिक प्रहरी सेवा माटेपानीको रक्तदानमा ८४ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

हस्पिटल चोकमा बुधबार बिहानैदेखि केही फरक देखिन्थ्यो। रातो र सेतो ब्यानरले सजिएको स्थानमा मानवताको सन्देश गुन्जिरहेको थियो "रक्तदान जीवनदान, जीवनदान महादान"। त्यसमाथि अर्को प्रतिबद्धता पनि थपिएको थियो "विकृति-विसंगति रहित समाजको निर्माण, शान्ति-सुरक्षा हाम्रो अभियान।" यिनै नारालाई आत्मसात् गर्दै सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी, पोखरा-१२ ले आयोजना गरेको २१ औं खुला रक्तदान कार्यक्रम भव्यताका साथ हालै सम्पन्न भयो। कार्यक्रम केवल औपचारिकता मात्र थिएन, यो मानवीय संवेदनाको उत्सव थियो।

विहानभरि उत्साहपूर्वक सहभागी भएका रक्तदाताहरूको सक्रियताले ८४ युनिट रगत संकलन भयो। कार्यक्रमको शुभारम्भ जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले गरेका थिए। प्रहरी उपरीक्षक कार्कीले शान्ति-सुरक्षा कायम राख्न मात्र होइन, समाजमा मानवीय भावना अभिवृद्धि गर्न पनि सामुदायिक सेवा केन्द्रले उल्लेखनीय भूमिका खेलेको बताए। "सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्नु नै साँचो सेवा हो," उनले भने। उनले पहिलो रक्तदाता तथा सामुदायिक प्रहरी सेवा माटेपानीका कोषाध्यक्ष रमेशराज पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरेर कार्यक्रम सुरु गरिएको थियो। सो अवसरमा कास्की जिल्ला प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा तथा कृष्ण दल गण रानीपौवा,



पोखरा-११ का प्रमुख नेपाली सेना कर्णेल राजेन्द्र पुडासैनीले पनि रक्तदातालाई सम्मानस्वरूप ब्लड ब्याग हस्तान्तरण गरेका थिए। संस्थाका उपाध्यक्ष एवं कार्यक्रम संयोजक दान बहादुर बस्नेतले स्वागत मन्तव्य राख्दै रक्तदानले अनगिन्ती जीवन जोगाउने भएकाले यस अभियानलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे। कार्यक्रममा सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष भीम पराजुली, बगर सामुदायिक सेवा केन्द्रका अध्यक्ष रामप्रसाद अधिकारी, संस्थापक अध्यक्ष मायादेवी तज्या, निवर्तमान अध्यक्ष धर्मराज आचार्य तथा सल्लाहकारहरू टिकाबहादुर कार्की, शिवप्रसाद बराल, कृष्णप्रसाद आचार्य, बलबहादुर कार्की, बजिरमान श्रेष्ठ र विश्वलाल श्रेष्ठलगायतले रक्तदानको महत्वबारे आ-आफ्ना धारणा राखेका थिए। त्यसैगरी डीएसपी हरिबहादुर बस्नेत, पोखरापत्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, रक्तसञ्चार केन्द्र कास्कीका प्रमुख महेन्द्र केसी तथा सामुदायिक जिल्ला समन्वयका इन्चार्ज वरिष्ठ नायब निरीक्षक होतबहादुर रोकालगायतले पनि रगत अभावको चुनौती र यसको समाधानमा सामूहिक पहलको आवश्यकतामाथि प्रकाश पारे।

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा, माटेपानीका अध्यक्ष नेत्र बहादुर तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव किरण अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए। रक्तदानको प्रत्येक थोपा रगत केवल चिकित्सा सामग्री होइन, त्यो आशा हो। कसैको जीवन बचाउने भरोसा हो। सामुदायिक प्रहरी सेवा, माटेपानीले फेरि एकपटक देखाएको छ, जब समुदाय जाग्छ, तब मानवता बलियो बन्छ।

# काठमाडौँको प्रदूषण घट्दै, प्रदूषित सहरको १८ औँ स्थानमा

रासस
काठमाडौं, ८ फागुन

काठमाडौँ उपत्यकाको वायुप्रदूषण घटिरहेको छ। शुक्रबार दिउँसो वायुप्रदूषण घटेर वायु गुणस्तर सूचकाङ्क (एक्युआइ) ९९ पुगेको छ।

गत मङ्गलबार उपत्यकाको एक्युआइ १९१ पुगेको थियो भने बुधबार सोही समयमा घटेर ११४ मा झरेको थियो। हावा चल्ने दर बढेसँगै वायुप्रदूषण पनि घटेको वातावरण विभागले जनाएको छ। एक्युआइका अनुसार मङ्गलबार काठमाडौँ विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा आज १८औँ स्थानमा झरेको छ। हाल पाकिस्तानको लाहोर ३७३ एक्युआइसहित पहिलो र भारतको कोलकात्ता १८६ एक्युआइसहित दोस्रो स्थानमा छ। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सुक्खा मौसममा वायुप्रदूषण बढ्ने र वर्षा हुँदा तथा हावा चल्दा वायुप्रदूषण घट्ने जानकारी दिनुभयो। "वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने र हावाले धुलो तथा प्रदूषणका कण उठाएर लैजाँदा प्रदूषण कम हुन्छ", उहाँले भन्नुभयो, "दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएका छौं।" वातावरणविद् भूषण तुलाधारले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको सुझाव दिनुभयो। एक्युआइको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' (हरियो सङ्केत), ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' (पहेंलो संकेत), १०१ देखि १५० सम्म 'अस्वस्थ' श्रेणीमा पर्छ, जसले विशेषगरी श्वासप्रश्वास र मुटु रोगीलाई असर गर्नसक्ने जानकारहरू बताउँछन्।

१५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिने वातावरणविद् तुलाधरले बताउनुभयो।

## प्रधानमन्त्रीद्वारा ...

सदस्यको निर्वाचन सम्बन्धमा भइरहेका तयारीलगायत विषयमा प्रधानमन्त्रीले जानकारी लिनुभएको प्रदेश प्रमुख सचिव डण्डुराज घिमिरेले जानकारी दिनुभयो।

"प्रदेशमा सुरक्षा संयन्त्रसहितको निर्वाचन सेल रहेको छ, यही सेलबाट भएगरेका गतिविधि उहाँलाई जानकारी गराइनुका साथै उहाँबाट निर्देशन लिने काम भएको छ", प्रमुख सचिव घिमिरेले भन्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मालढुङ्गा–बेनी सडक स्तरोन्नति सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ फागुन

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक स्तरोन्नति भएको छ। चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरलु) सडक योजनामार्फत मालढुङ्गा-बेनी सडकलाई दुई लेनको ११ मिटर फराकिलो बनाएर अक्सफाल्ट प्रविधिको कालोपत्र गरिएको हो। पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि जलजला गाउँपालिका-८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक दुई लेनको बनाएर कालोपत्र गर्न २०७७ साल चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो । तेह्र किलोमिटर दूरीको सडकमध्ये ९६० मिटरबाहेकका ठाउँमा कालोपत्र र ढलान सकिएको आयोजना प्रमुख तेजस्वी शर्माले बताउनुभयो । “ढलान र कालोपत्र सकिएको सडकमा रङरोगन र सुरक्षा पूर्वाधार राख्ने काम भइरहेको छ”, उहाँले भन्नुभयो, “वारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक-एक सय मिटर सडकलाई ठेक्काबाट हटाइएको छ ।” वारीबेनीमा बस्तीको बीचमा सडक विस्तार गर्न घरधनीहरूको अहसमति तथा फर्से र केराबारीमा पहिरोका कारण ठेक्काबाट हटाउनुपरेको योजना प्रमुख शर्माले बताउनुभयो। विसं २०७९ मा सम्पन्न गर्ने लक्ष्य थियो । सडक निर्माण कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावका कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको योजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका थिए।

यसअघि गत वर्ष मालढुङ्गा-फर्से खण्डमा तीन किलोमिटर ३०० मिटर कालोपत्र र दुई किलोमिटर २०० मिटर ढलान भएको थियो। गत मङ्सिर पहिलो सातादेखि सुरु भएको लस्ती-बेनी खण्डको छ किलोमिटर ५०० मिटर सडक कालोपत्र गर्ने काम सकेर प्राविधिक टोलीबाट नापजाँच भइरहेको निर्माण कम्पनीका इन्जिनियर जीवन चौधरीले बताउनुभयो।

यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन्। ‘कामका लागि खाद्यान्न’ कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा-बेनी सडक बेनी सडक २०६८ सालमा एकतर्फी कालोपत्र भएको थियो । मुस्ताङ र कोरलानाका सडक सञ्जालमा जोडिएपछि यातायातका साधनको चाप बढ्दा साँघुरो यो सडक पछिल्लो समय जीर्ण बनेको थियो।

यातायात व्यवसायी बुद्धि पुनले मालढुङ्गा-बेनी सडकमा यात्रा गर्दा यसअघि एक घण्टाको यात्राअवधि स्तरोन्नतिपछि १५ देखि २० मिनेटमा छोटिएको बताउनुभयो । “पछिल्लो पाँच वर्षयता पोखरा-बेनी आवतजावत गर्न बेनीदेखि रत्नेचौर बागलुङ हुँदै मालढुङ्गा जोड्ने घुमाउँरो वैकल्पिक सडकको यात्रा गर्दै आएका थियौँ”, उहाँले भन्नुभयो, “घुमाउरो सडकमा यात्रा गर्नुपर्ने समस्या हट्नुका साथै यात्राअवधि पनि छोटिएको छ।”

जलजला गाउँपालिका-७ मिलनचोकका बासिन्दा बाबुराम कार्कीले सडक कालोपत्र भएपछि धुलो र हिलोमा जोखिम तथा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो।

# ‘प्रकृति र अनुभूति’ सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन




डिल्लीप्रसाद ढुंगानाको निबन्ध सञ्चयन ‘प्रकृति र अनुभूति’ सार्वजनिक भएको छ । पूर्व कर्मचारी सेवा परिषद कास्कीले आयोजना गरेको कार्यक्रममा कृति सार्वजनिक गरिएको हो।

पूर्व कर्मचारी सेवा परिषद गण्डकी प्रदेश शाखाले प्रकाशन गरेको कृतिको मूल्य २ सय रुपैयाँ छ। कृतिमा १० वटा प्रकृति केन्द्रित र १४ वटा आत्मपरक निबन्ध छन् । माछापुच्छ्रे-६, कास्कीमा जन्मेका ढुंगाना ३८ वर्ष सरकारी सेवा गरी अवकाश प्राप्त भएका हुन्।

अर्थशास्त्र र राजनीतिशास्त्र अध्ययन गरेका ढुंगानाले कृतिमा आफ्नो जागिरे जीवन र नेपाली समाजका विभिन्न पक्षलाई चित्रण गरेका छन्। उनी भन्छन्, ‘जिन्दगी एक सिकाइ हो, जीवनमा सिक्नुपर्ने विषयवस्तु अनगिन्ती हुन्छन् । तीमध्ये लेखनसीप पनि एक हो।’ प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा कृष्णराज अधिकारीले निवृत्त जीवनमा लेखन र समाजसेवामा सक्रिय हुनु प्रशंसनीय भएको बताए । उनले भने, ‘यसभित्रका लेखहरु कुनै निबन्धात्मक शैलीका, कुनै प्रबन्धात्मक शैलीका र कुनै स्वतन्त्र लेखका रुपमा रहेका छन् ।’ कार्यक्रममा पुतलीबजार प्रज्ञा प्रतिष्ठानका उपकुलपति दुर्गाबहादुर शाह बाबा, पूर्वकमचारी सेवा परिषद् गण्डकीका पूर्वअध्यक्ष नरहरि बराल, मार्क्सवादी अध्ययन स्रोत कन्द्रका अध्यक्ष झलकपाणि तिवारी, गण्डकी साहित्य संगमका अध्यक्ष भिम रानाभाट, कस्कली अधिकृत समाजका चन्द्रबहादुर सुवेदी, भोजराज ढुंगाना अध्यक्ष ढुंगाना विकास प्रतिष्ठान, गण्डकी प्रदेश र अध्यक्ष धिताल पोखरा सेवा समाजका सुनिल गौतमले बोलका थिए।

सो अवसरमा लेखक ढुंगानाले साहित्य, कला, संस्कार रुपान्तरण र प्रकृति अनुभूतिको विशेष चर्चा गरेका थिए । उक्त कार्यक्रमको संचालन बेद प्रकास पौडेलले गरेका थिए ।

# भदौ २३ सम्झन आग्रह गर्दै रास्वपा उम्मेदवार पौडेलको अपिल : “परिवर्तनका लागि मतदान गर्नुहोस”

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी कास्की निर्वाचन क्षेत्र नम्बर-१ का उम्मेदवार गनेस पौडेलले आसन्न प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा भदौ २३ गतेको घटनालाई स्मरण गर्न मतदातासँग आग्रह गरेका छन्।

उनले उक्त दिनलाई लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र सुशासनका लागि लड्ने नागरिकको भावनासँग जोडिएको दिनका रूपमा उल्लेख गरे। चुनावी घरदैलो तथा भेटघाट कार्यक्रम अर्न्तगत विहिबार मादी गाउँपालिकाको सिक्लेसमा बोल्दै पौडेलले भने, “भदौ २३ सम्झनुहोस्। ती कलिला विद्यार्थी बालबालिकाहरू गोली खाएर ढलेका दृश्यले के तपाईंको मन रुवाउँदैन? अभिव्यक्ति स्वतन्त्रता र सुशासनका पक्षमा सडकमा आएका ती बच्चाहरू हाम्रै छोराछोरी हुन्।” उनले मतदातालाई आफ्ना सन्तानको भविष्य सम्झेर निर्णय गर्न आग्रह गरे। पौडेलले परिवर्तनका लागि मत निर्णायक हुने बताउँदै भने, “भदौ २३ सम्झनुहोस् अनि आफ्ना छोराछोरी सम्झनुहोस्। परिवर्तनका लागि घण्टीमा मतदान गर्नुहोस् ।” उनले मतदातालाई विवेकपूर्ण निर्णय गर्न आग्रह गर्दै लोकतान्त्रिक अधिकारको सही प्रयोग गर्नुपर्ने धारणा व्यक्त गरे। अर्को प्रसंगमा उनले भ्रष्टाचारविरुद्ध कडा अडान दोहोऱ्याए । “भ्रष्टाचार गरेर कमाएका अकुत सम्पत्ति, नेताहरूका गुप्त कोठाभरि जलेका पैसाको स्रोत र तिनको हिसाब-किताब सार्वजनिक गर्न जनताले मत परिवर्तन गर्नुपर्ने बेला आएको छ,” उनले भने। विगतका अनियमितता र आर्थिक अपारदर्शिताको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउनुपर्नेमा उनले जोड दिए।

पौडेलले सुशासन, पारदर्शिता र नागरिक अधिकारको सुनिश्चितता आफ्नो प्रमुख एजेन्डा रहेको उल्लेख गर्दै मतदातालाई परिवर्तनको पक्षमा उभिन अपिल गरेका छन्।

# त्रिभुवन शान्ति नमूना माविको ५६ औँ वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन



पोखरा महानगरपालिका-३० खुदी स्थित त्रिभुवन शान्ति नमुना माध्यमिक विद्यालयले ५६ औँ वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम-२०८२ विविध शैक्षिक, सांस्कृतिक र सिर्जनात्मक गतिविधिसहित भव्य रूपमा सम्पन्न गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. वेदराज के.सी.ले नेपालमा कक्षा-१२ सकेपछि विदेश जाने बढ्दो प्रवृत्तिले विद्यार्थीहरूमा रचनात्मक तथा अनुसन्धानात्मक क्षमताको विकासमा असर परिरहेको उल्लेख गर्दै देशमै व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिन आवश्यक रहेको धारणा राख्नुभयो। शिक्षाको गुणस्तर अभिवृद्धि र विद्यार्थीहरूमा बढ्दो निराशा न्यूनीकरणका लागि शिक्षाका सबै सरोकारवाला पक्ष सक्रिय हुनुपर्नेमा उहाँले जोड दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद रेग्मीले विद्यालयले समुदायसँगको सहकार्य, गुणस्तरीय शिक्षा र विद्यार्थीको समग्र विकासलाई आगामी दिनमा थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

कार्यक्रममा पोखरा विश्वविद्यालयका रजिस्ट्रार सह-प्रा.डा. अजय थापा, वडा अध्यक्ष दुर्गा प्रसाद सुवेदी तथा पोखरा महानगर शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत वद्रीनाथ सुवेदी, वडा सदस्य बिनोद प्रसाद लामिछाने, लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली, महासचिव भरत ओझा, निवर्तमान वडा अध्यक्ष श्रीराम पोखेल, वडा शिक्षा समिति सदस्य विश्वमोहन पौडेल तथा त्रिवेणी इन्टर नेशनल कलेजका क्याम्पस प्रमुख डिल्लीराम पौडेल लगायतले बोलेका थिए। कार्यक्रममा स्वागत मन्तव्य टन्क बहादुर चर्मा ले गरेका थिए भने धन्यवाद ज्ञापन विद्यालय व्यवस्थापन समितिका सदस्य सोभामोहन पौडेलले र कार्यक्रमको सन्चालन सह-प्रधानाध्यापक डा. रामचन्द्र भण्डारीले गरेका थिए ।

# सहकारीमा आबद्ध किसान दूध उत्पादनतर्फ आकर्षित

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ फागुन

व्यास नगरपालिका-१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुक्खा मौसमा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । दूधबाट राम्रै आम्दानी हुने देखेपछि यहाँका किसानले उत्साहित भएर गाईको सङ्ख्या थप्दै गएका छन्।

बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध १६१ मध्ये ४५ किसान व्यावसायिक रूपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिनुभयो छ । “अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्ने तर वृद्धि हुँदै गएको छ,” उहाँले भन्नुभयो, “मासिक रु १५ हजारदेखि रु दुई लाखसम्म आम्दानी हुने गरेको छ।” उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ। उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षीत भएका व्यवस्थापक साँखीको भनाइ छ।

दमौली बजारमा सञ्चालनमा ल्याएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ, भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको संस्थाका सचिव मेघनाथ आचार्यले बताउनुभयो । “दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरेको आभास भएको छ।” यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन्।

किसानको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरूले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन्।

व्यावसायिक रूपमा पशुपालन गर्ने किसानलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो।

गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले किसानले दैनिक बिहान र बेलुका उत्पादन गरेको दूध बिक्री गर्न सहज भएको छ। नगरपालिकाले किसानलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताउनुभयो।

# पोखराको पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

कास्की क्षेत्र नं ३ का कांग्रेस उम्मेद्वार मनोज गुरुङले पोखराको पर्यटन प्रवर्द्धनलाई पनि प्राथमिकतामा राख्दै ठोस योजना अघि सारेका छन्।

उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित व्यवसायिक उडान सञ्चालन गरी वार्षिक २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको बताएका छन्। यसका लागि अन्तर्राष्ट्रिय एयरलाइन्ससँग समन्वय, पर्यटन प्रवर्द्धन कार्यक्रम र निजी क्षेत्रसँग सहकार्य गरिने उनको भनाइ छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएको दुई वर्ष पूरा भैसक्दासमेत यहाँबाट व्यवसायिक उडान हुन नसकेको अवस्थामा उम्मेद्वार गुरुङले यस बिषयलाई आफ्नो चुनावी संकल्पमा प्राथमिकताका साथ राखेका छन् । उम्मेद्वार गुरुङले अनुसार विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आएपछि पोखराको पर्यटन उद्योगमा नयाँ ऊर्जा थपिनेछ। होटल, रेस्टुरेन्ट, यातायात, ट्रेकिङ तथा साहसिक पर्यटन क्षेत्रमा रोजगारीका अवसर बढ्ने विश्वास व्यक्त गरेका छन्।

यसले स्थानीय युवालाई आफ्नै ठाउँमा रोजगारीको अवसर दिलाउने र विदेशी मुद्रा आर्जनमा समेत सहयोग पुग्ने उनले बताए।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


## सार्वजनिक सूचना

म्याग्दी जिल्ला सिख-४ बस्ने विष्णु तिलिजा पुनको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. ४११३, ५२०२ को क्षेत्रफल १८४,८१५५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि.नं. ५२०१ र उत्तर तर्फ कि. नं. ४०४२, ४१६१ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ राधाकृष्ण टोलको पोखरी चौतारी तथा कृयापुत्री भवन मर्मत तथा भंगस्थान निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : राधाकृष्ण टोलको पोखरी चौतारी कृयापुत्री भवन मर्मत तथा भंगरथान निर्माण

उपभोक्ता समितिको नाम : राधाकृष्ण टोलको पोखरी चौतारी कृयापुत्री भवन मर्मत तथा भंगरथान निर्माण उपभोक्ता समिति, पोखरा-१४, कास्की

जम्मा सदस्य संख्या : ७

महिला सदस्य संख्या : ३

योजना सम्झौता मिति : २०८२/११/०१

योजना सुरु मिति : २०८२/११/०२

योजना सम्पन्न हुने मिति : २०८३/०३/१५

महानगरपालिकाबाट : रु. ३,५०,०००/-

उपभोक्ताबाट : रु. ४०,३५४/८९

योजनाको कुल लागत : रु. ३,९०,३५४/८९

**लक्ष्मण जि.सी.**
**अध्यक्ष**
**राधाकृष्ण टोलको पोखरी चौतारी कृयापुत्री भवन मर्मत तथा भंगरथान निर्माण उपभोक्ता समिति**, पोखरा-१४, कास्की

# सिक्लेसको दिगो पर्यटनको लागि उम्मेदवार राजकाजी गुरुङ कटिवद्ध

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

कास्कीको पर्यटकीय गाउँको दिगो पर्यटनको लागि कास्की क्षेत्र नम्बर १ का उम्मेदवार राजकाजी गुरुङ(करण) कटिवद्ध भएको बताउनु भएको छ।

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यका उम्मेदवार करणको घरदैलो कार्यक्रमका क्रममा सिक्लोसीहरुसंग भेटघाट गर्दै उहाँले सिक्लेसको दिगो र पर्यापर्यटनको बिषयमा आफु गम्भिर भएको बताउनु भएको हो । उहाँले मादी गाउँपालिका वडा नम्बर १ स्थित पर्यटकीय गाउँ सिक्लेस मा घरदैलो कार्यक्रम सम्पन्न गर्नु भएको छ।

घरदैलोका क्रममा सिक्लेस आमा समूहले उम्मेदवार गुरुङसहितको टोलीलाई भव्य स्वागत गर्नु भएको थियो । आमा समूहकी अध्यक्ष सन्तोषी गुरुङले क्षेत्र नम्बर १ मा गुरुङ समुदायको उम्मेदवार पाउनु समुदायका लागि



खुशीको विषय भएको बताउँदै मतदान गेरर विजयी गराउनु आफ्नो कर्तव्य भएको उल्लेख गर्नुभयो। उहाँले सिक्लेससम्म पुग्ने सडकको अवस्था नाजुक रहेको भन्दै सुधारका लागि पहल गरिदिन अनुरोध गर्नुभयो। युवा व्यवसायी किरण गुरुङले भिजन भएका नेता राजकाजी गुरुङलाई जिताउन सम्पूर्ण गुरुङ समुदाय एकजुट हुनुपर्ने धारणा राख्नुभयो।

घरदैलो कार्यक्रममा समानुपातिक उम्मेदवार सोमती गुरुङ र दिलु पन्तले संविधानको रक्षा गर्ने पार्टी नेपाली कम्युनिस्ट पार्टी भएकाले समानुपातिक मत पार्टीलाई दिन आग्रह गर्नुभयो। प्रदेश सभाकी पूर्व सांसद गायत्री गुरुङले केन्द्रसँग प्रत्यक्ष सम्बन्ध भएका नेताका रूपमा राजकाजी गुरुङलाई विजयी गराउन अपिल गर्नुभयो । पूर्व संविधान सभा सदस्य कृष्ण गुरुङले गुरुङ समुदाय विदेश पलायनभन्दा देशमै अध्ययन र विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो। केन्द्रीय सदस्य पूर्ण लामा तथा गण्डकी प्रदेश इन्चार्ज श्रीनाथ बराललले व्यवस्था र संविधान जोगाउन पार्टीलाई जिताउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उम्मेदवार राजकाजी गुरुङले सिक्लेस केवल पर्यटकीय गाउँ मात्र नभई गुरुङ समुदायको ऐतिहासिक थातथलो भएकाले यसको संरक्षण र प्रवर्द्धनमा विशेष पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले पोखरा-सिक्लेस सडक सुधार, शिक्षा, स्वास्थ्य, पर्यटन र जलविद्युत विकासलाई प्राथमिकतामा राख्ने बताउँदै जलविद्युतबाट स्थानीय जनताले पाउने सेवा-सुविधामा विशेष ध्यान दिने उल्लेख गर्नुभयो। घरदैलो कार्यक्रममा प्रदेश कमिटी सदस्य तोरण गुरुङ, लालबहादुर गुरुङ, मादी गाउँपालिका अध्यक्ष मित्र गुरुङ, उपाध्यक्ष अन्जु गुरुङ, सचिव रामकृष्ण अधिकारीलगायत नेता-कार्यकर्ताको सहभागिता रहेको थियो।

कार्यक्रम अन्तर्गत पर्छे, खिलाङ, चिप्ली, तप्राङलगायत स्थानमा पुगेर जनताका गुनासा सुन्दै गुरुङले सबै प्रकारका समस्याको समाधानका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो।

# उम्मेदवार दामोदर पौडेल वैरागीद्वारा अधुरा काम पूरा गर्ने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

नेकपा (एमाले) कास्की क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार दामोदर पौडेल वैरागीले मतदाता भेटघाटलाई तिव्र बनाएका छन्।

उनले शुक्रबार पोखरा महानगरपालिकाका वडा नं.२ र ५ का विभिन्न टोलटोलमा पुगेर मतदातासँग भेटघाट गरेका हुन्।

घरदैलो कार्यक्रमका क्रममा उनले आफू सधैं जनतासँगै रहेको र आगामी दिनमा पनि जनताको सेवामा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे। मतदातासँगको भेटमा वैरागीले विगतमा सुरु भएका अधुरा विकास आयोजनाहरूलाई पूर्णता दिने र नयाँ विकास योजना अघि बढाउने वाचा गरेका छन् । 'म हिजो पनि तपाईंहरूसँगै थिएँ, आज पनि तपाईंहरूसँगै छु र भोलि पनि तपाईंहरूसँगै रहनेछु,'



उनले मतदातामाझ विश्वास दिलाए । नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नम्बर ३ ले सार्वजनिक गरेको प्रतिबद्धता पत्रमा सुशासन प्रवर्द्धन, पूर्वाधार विकास, पर्यटन विस्तार र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकताका रूपमा राखिएको छ । पार्टीले मुलुकको स्वाधीनता, सार्वभौमिकता र संविधानको संरक्षण गर्दै जनताको जीवनस्तर उकास्ने लक्ष्यसहित "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय संकल्पलाई कार्यान्वयन गर्ने जनाएको छ । एमालेले वैरागीलाई विजयी गराउन आह्वान गर्दै विगतमा सुरु भएका विकास आयोजनाहरूलाई पूर्णता दिने र नयाँ सम्भावनायुक्त परियोजनाहरू अघि बढाउने प्रतिबद्धता दोहोर्‍याएको छ । घरदैलो कार्यक्रमका क्रममा स्थानीय मतदाताले विकास, रोजगारी, पूर्वाधार र पर्यटन विस्तारका विषयमा चासो राखेका थिए भने उम्मेदवार वैरागीले ती सबै विषयलाई प्राथमिकतामा राखेर काम गर्ने बताएका छन्।

# 'ग्लोबल मनी विक' चैत २ देखि ८ गतेसम्म

**रासस**
काठमाडौं, ८ फागुन

बालबालिका र युवामा वित्तीय साक्षरता विस्तार गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको ' ग्लोबल मनी विक' को चौधौँ संस्करण आगामी चैत २ देखि ८ गते (मार्च १६-२२, २०२६) सम्म नेपालसहित विश्वभर मनाइने भएको छ।

नेपालमा रहेक वर्षजस्तै यस वर्ष पनि नेपाल राष्ट्र बैंकले राष्ट्रिय संयोजकको भूमिका निर्वाह गर्दै 'ग्लोबल मनी विक २०२६' आयोजना गर्ने भएको हो । केन्द्रीय बैंकको संयोजनमा बैंक तथा वित्तीय संस्था, लघुवित्त संस्था, बिमा कम्पनी, सहकारी संस्था, पुँजीबजारसँग सम्बन्धित निकाय तथा अन्य वित्तीय सेवा प्रदायकको सक्रिय सहभागिता रहने बताइएको छ। राष्ट्र बैंकले वित्तीय साक्षरता अभिवृद्धिमा क्रियाशील सम्पूर्ण सङ्घसंस्था, शैक्षिक प्रतिष्ठान, गैरसरकारी संस्था तथा सरोकारवाला निकायलाई 'ग्लोबल मनी विक' मा सक्रिय सहभागिता जनाउन आह्वान गरेको छ । वित्तीय पहुँच विस्तारसँगै वित्तीय सेवाको सुरक्षित र जिम्मेवार प्रयोग सुनिश्चित गर्नु वर्तमान आवश्यकता रहेको जनाउँदै बैंकले सामूहिक प्रयासबाट मात्र दिगो वित्तीय समावेशिता सम्भव हुने उल्लेख गरेको छ । 'ग्लोबल मनी विक' मूलतः किशोरकिशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेन्ट' (ओइसिडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ।

राष्ट्र बैंकको संयोजनमा सन् २०१३ देखि नेपालमा यो अभियान सञ्चालन भइरहेको छ। अभियानबाट हालसम्म विश्वका १७६ भन्दा बढी मुलुकका करिब सात करोड बालबालिका, किशोरकिशोरी र युवा लाभान्वित भएको ओइसिडीले जनाएको छ। ग्लोबल मनी विकको स्थायी नारा 'सिक, बचाउ, कमाउ' (लर्न, सेभ, अर्न) रहेको छ भने यस वर्षको नारा 'स्मार्ट मनी टक्स' रहेको छ।

वित्तीय निर्णयहरूमा सचेत सहभागिता, बचत तथा लगानीको संस्कार विकास, डिजिटल वित्तीय सेवाको सुरक्षित प्रयोग तथा जिम्मेवार उपभोग प्रवर्द्धन गर्नु यस अभियानका प्रमुख उद्देश्यहरू रहेका राष्ट्र बैंकले जनाएको छ । अभियानअन्तर्गत विद्यालय तथा क्याम्पस केन्द्रित वित्तीय शिक्षा कार्यक्रम, अन्तरक्रियात्मक छलफल, निबन्ध तथा वक्ततृत्व प्रतियोगिता, डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, वित्तीय उपभोक्ता अधिकारबारे सचेतनामूलक कार्यक्रमलगायत विविध गतिविधि सञ्चालन हुँदै आएका छन्।

# जडिवुटी आफैमा व्यापार, व्यवसाय, रोजगार र उद्योग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

श्री दत्त नारायण पदम श्रेष्ठ स्मृति प्रतिष्ठान केन्द्र स्याङ्जाको आयोजनामा आहार, विहार, विचार स्थानिय जडिवुटी पहिचान, उपचार र रोजगार, व्यावसाय तथा उद्योग विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम एक समारोहविच सम्पन्न भएको छ।

समाजसेवी तथा दह-नागनास टोल सुधार समितिका अध्यक्ष श्री कल्याण कुमार पोख्रलको अध्यक्षतामा सुसम्पन्न भएको उक्त कार्यक्रमलाइ प्रमुख अतिथि तथा प्रशिक्षिकका रुपमा प्रशिक्षण दिदै समाजसेवी पूर्व अञ्चलाधीश एव अधिवक्ता महेन्द्रमान व्यथितले बताउनुभयो, "नेपाल विश्वमा भएको जडिवुटीले सम्पन्न हुँदाहुदै पनि सोलाइ सदुपयोग नगरेकोले राष्ट्र गरिवीमा पुगेको हो। गरिवी हटाइ जनतालाइ धनी बनाइ जनतालाइ सुखी बनाउने लक्षयमा पुग्ने एकमात्र साधन र



विकल्प जडिवुटी नै हो।" उहाँले अगाडि बोल्दै भन्नुभयो, "देशका शासकहरु जडिवुटीको महत्व र गरिमाको बारेमा अनविज्ञ भएकाले विदेशिको ऋणमा देश छलाउन परेको हो जडिवुटीको पहिचान गरेर सो जडिवुटीलाइ व्यवसाय र उद्योगमा परिणत गर्नु पर्छ। सो गर्न सकेमा मुलुकबाट गरिवी भाग्दछ किनकी जडिवुटी आफैमा व्यापार, व्यवसाय, रोजगार र उद्योग हो ।" छेकमा आधारभूत विद्यालयका प्रधानाध्यापक श्री सूर्य प्रसाद पौडेलबाट उद्घोषित सो कार्यक्रममा समाजसेवी श्री कमला कोइरालाले घोलटाप्रे, कोइरालो र सिपलीघान जस्ता जडिवुटीको महत्वबारेमा बताउनु भएको थियो। पूर्व वडा अध्यक्ष श्री इन्द्र प्रसाद पौडेलबाट स्वागत भाषण गरिएको सो समारोमा ४० जना व्यक्तिहरुको सहभागिता रहेको थियो।

# पर्यटन व्यवसायी जितु गुरुङ र उहाँको परिवारबाट दुई बिद्यालयमा साँढे ३ लाख अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

लमजुङको दोर्दी गाउँपालिका-३ स्थित मञ्जाङ लामागाउँमा रहेको कृष्ण प्रमोद प्रा.वि. लाई पोखराका पर्यटन व्यवसायी तथा वरपिपल रिसोर्टका सञ्चालक अमरजङ गुरुङ (जितु) परिवारले डेढ लाख रुपैयाँको अक्षयकोष स्थापना गर्नुका साथै दुई थान कम्प्युटर हस्तान्तरण गर्नुभएको छ।

विद्यालयको ५० औं स्वर्ण जयन्ती तथा अभिभावक दिवसको अवसर पारेर गुरुङ र उहाँकी धर्मपत्नी शिला गुरुङले स्वर्गीय बुबा-आमाको स्मृतिमा रु. १ लाख ५० हजारको अक्षयकोष स्थापना गर्नुभएको हो। साथै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण सिकाइमा टेवा पुऱ्याउने उद्देश्यले दुई थान कम्प्युटर पनि प्रदान गरिएको विद्यालयले जनाएको छ। लमजुङ घर भई हाल पोखरामा बसोबास गर्दै आउनु भएका गुरुङ एक सफल युवा होटल व्यवसायी, सामाजिक कार्यमा सक्रिय व्यक्तित्वका रूपमा परिचित हुनुहुन्छ । उहाँ अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष समेत रहनुभएको छ । विद्यालय व्यवस्थापन समितिले गुरुङ परिवारको सहयोगले विद्यालयको दीर्घकालीन शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ । जितु गुरुङ परिवार सहित अन्य दाताहरुको सहयोगबाट करिब १५ लाख रुपैया आर्थिक संकलन भएको बिद्यालयका प्रधान्ध्यापक हरीराज घिमिरेले जनाउनु भयो । बिद्यालयमा हाल ३० जना मात्र बिद्यार्थी अध्ययनरत रहेका छन् । बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष धन बहादुर गुरुङको



अध्यक्षतामा स्वर्ण महोत्सव विहिबार सम्पन्न भएको हो।

बिद्यालयले तीन दिनसम्म विभिन्न कार्यक्रम गरी स्वर्ण महोत्सव मनाएको हो। संविधान सभा सदस्य बुद्धिराम गुरुङले उक्त स्वर्ण महोत्सवको समापन गर्नु भएको थियो।

यसैबिच पर्यटन व्यवसायी जितु गुरुङ र उहाँको परिवारले दोर्दी ३ मा रहेको लक्ष्मी माविको २५ औं बार्षिकोत्सवको अवसरमा केही समय अघि ५ थान कम्प्यूटर, १ सय २० थान ट्र्याकसुट सेट, शैक्षिक सामाग्रि (कापी, कलम लगायत) सहयोग गर्नु भएको थियो। त्यसै गरी उहाँले आमा बाबुको स्मृतिमा अक्षयकोषमा २ लाख रुपैया सहयोग गर्नु भएको छ।

# 'निर्वाचित भएको दिनबाट प्रतिवद्धता कार्यान्वयनको काम थाल्छु'-उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

नेकपा (एमाले) कास्की क्षेत्र नं. २ का उम्मेदवार रश्मि आचार्यले निर्वाचित भएको पहिलो दिनबाट प्रतिबद्धता कार्यान्वयनको काम थाल्ने उद्घोष गरेका छन्।

'निर्वाचित भएको पहिलो दिन सुनौलो इतिहास निर्माणको अध्याय त्यहीबाट प्रारम्भ हुनेछ। हामी योजना र प्रतिबद्धता मात्रै बनाउँदैनौं कार्यान्वयनको प्रष्ट मार्गचित्र सहित हजुरहरू समक्ष आएका छौं,'उम्मेदवार आचार्यले भने–'हिजो हाम्रा जनप्रतिनिधिले हजुरहरूको विश्वासमा दाग लाग्ने कम गर्नु भएन आज त्यो कामलाई थप मजबुत बनाउने बलियो योजना बोकर आएको छु ।' उनले शुक्रवार आफ्नो निर्वाचन क्षेत्र कास्की क्षेत्र नं. २ पोखरा १६ को दिपबाट मतदाता साक्षात्कार प्रारम्भ गर्दै सो कुरा बताएका हुन्।

सुन्दर पर्यटकीय सम्भावना बोकेको अर्मलाकोटलाई पर्यटकीय क्षेत्र घोषणा गरेर पूर्वाधार विकास सहित पोखराका अन्य पर्यटकीय क्षेत्रहरूसँग जोड्ने काम बाँकी रहेको उनको भनाई छ। पोखरा १६ का महेन्द्र गूफा, चमेरे गुफा, सेती नदिमा थप पर्यटन आवागमन वृद्धिका लागि ती स्थलहरूको सबलीकृत विकास र प्रचार प्रसार मार्फत थप उत्पादनशिल बनाउनेमा उनको जोड छ।

महत्वपूर्ण पर्यटकीय गन्तव्यको पहिचान, सबलीकरण र प्रचार प्रसार विना पोखराको पर्यटनले अपेक्षित परिणाम दिन नसक्ने उम्मेदवार आचार्यको ठहर छ । अपेक्षा बाँडेर मात्रै हुदैन आफूसँग परिणाम दिन सक्ने कार्यान्वयनमुखी योजना रहेको उम्मेदवार आचार्यले उल्लेख गरे।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ७, घले समाज भवन स्तर उन्नती निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः घले समाज भवन स्तर उन्नती समिति
ठेगानाः पोखरा-७
योजना सम्पन्न हुने मितिः २०८२/१०/१९ गते
योजनाको कुल लागतः रु. ४,७०,६००|-
महानगरपालिकाबाटः रु. ४,००,०००|-
जनसहभागिताबाटः रु. ७०,६००|-
उपभोक्ता समिति अध्यक्षः हिरा घले
सम्पर्क नं.: ९८५६०२३४४३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २
पुरुषः ५ जना

**घले समाज भवन स्तर उन्नती उपभोक्ता समिति पोखरा-७**


# सुकुम्बासी समस्या समाधान गर्न प्रतिबद्ध छु : बैनबहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

नेकपा एमालेबाट कास्की-१ मा प्रतिनिधिसभा सदस्य उम्मेद्वार रहेका बैनबहादुर अधिकारी क्षेत्रीले अव्यवस्थित र सुकुम्बासीसम्बन्धी समस्या सधैंका लागि समाधान गर्न आफूले संसद्मा पुगेर पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

पोखरा-३२ मा बुधबार आयोजित घरदैलोमा उनले वर्षौंदेखि भोगचलन गरेको जमिन आफ्नो नाममा हुन नसक्नु दुःखद भएको बताए। 'अझै पनि सेतो लालपुर्जा हुने, कतिको स्रेस्ता नबनेको अवस्था छ,' उनले भने, 'यसलाई समाधान गर्न संसद्मा स्पष्ट कानुन बनाएर यो सदाका लागि हल गर्नुपर्छ भन्ने कुरा ग्राउण्डमा काम गरेको, यस्ता वस्तीमा जाँदा मलाई जानकारी छ।' आफू विजयी भएपछि निर्वाचनमा गरेका प्रतिबद्धता क्रमशः पूरा गर्दै जाने उनले सुनाए। गगनगौंडा हुँदै मालमूल आउँदा खुदीखोलामा पुल बनाउन आवश्यक रहेको उनको भनाइ थियो। पक्की र व्यवस्थित पुल बनाउन घोषणापत्रमा योजना समावेश गरिएको अधिकारीले सुनाए। आफूले निर्वाचन जित्ने र ढुक्क भएर सूर्य चिन्हमा मतदान गर्न उनले मतदातालाई आग्रह गरे। अधिकारीसहित एमालेको टोली बिहीबार पोखरा-३१ मा घरदैलोमा जाने तालिका छ।